# CHICAGO श्रम मानक कार्यालय

# ज्याला चोरी

## परिभाषाहरू

- **लागू हुने शिकागो नगरपालिका कोड खण्ड** - शीर्षक 6, अध्याय 100, खण्ड 050 (6-100-050)
- "**रोजगारदाता**" भन्नाले शिकागोको नगरपालिका कोडको 1-4-090(e) मा परिभाषित गरिए अनुसार कुनै पनि व्यक्ति**,** जसले कामदारलाई काममा राख्छलाई सम्झनु पर्छ।
- "**कामदार"** भन्नाले शिकागोको नगरपालिका संहिता 6-105-010 मा परिभाषित कर्मचारी वा स्वतन्त्र ठेकेदार सम्झनु पर्छ।

## ओभरटाइम र ज्याला चोरी

एक कार्यसप्तामा 40 घण्टाभन्दा बढी काम गर्ने कर्मचारीले प्रतिघण्टा कामदारहरूका लागि कर्मचारीका नियमित तलबको 1.5 गुणाको दरले क्षतिपूर्ति पाउने हक हुन्छ। दुई वा दुई भन्दा बढी हप्तामा समयको औसतलाई अनुमति छैन।

सिकागोको श्रम कानून अनुसार वा रोजगारदाता र कामदारबीचको कुनै पनि ज्याला सम्झौता अनुसार कामदारलाई समयमै भुक्तानी गर्न असफल भएमा ज्याला चोरी भएको हुन सक्छ।

ज्याला चोरीका उदाहरणहरू तल समावेश छन्:

- न्यूनतम ज्याला तिर्न असफल
- ओभरटाइम तिर्न असफल
- काम गरेको सबै समयका भुक्तानी गर्न असफल
- प्रतिज्ञा गरिएको रकम तिर्न असफल
- सबै टिपहरू ठीकसँग वितरण गर्न असफल
- तलबी बिदा र तलबी बिरामी बिदा प्रदान गर्न असफल
- काम गर्ने समय पछि कामका लागि भुक्तानी गर्न असफल
- स्वतन्त्र ठेकेदारको रूपमा कर्मचारीहरूका गलत वर्गीकरण

| **कसलाई कभर गरिएको छ?** | **बदला बिरोधि** | **हामी के गर्छौं** |
| --- | --- | --- |
| शिकागोको अध्यादेशले शिकागोको भौगोलिक सीमाभित्र काम गर्ने कर्मचारीहरूलाई उनीहरूको आप्रवासन स्थिति वा उनीहरूको रोजगारदाताको स्थानको परवाह नगरी समावेश गर्दछ। तपाईंको गुनासो वा विशिष्ट स्थिति OLS को क्षेत्राधिकारभित्र पर्दैन भने, हामी तपाईंलाई सहायताका लागि उपयुक्त एजेन्सीमा पठाउनेछौं। | कुनै पनि रोजगारदाताले शिकागोको श्रम कानून अन्तर्गत कुनै पनि अधिकार प्रयोग गरेबापत प्रतिशोधमा कुनै पनि व्यक्तिविरुद्ध भेदभाव वा कुनै प्रतिकूल कारबाही गर्नु गैरकानूनी हो। यो कुनै कानूनको कुनै प्रावधान, वा यस अन्तर्गत जारी गरिएको नियमको बारेमा खुलासा गर्ने, रिपोर्ट गर्ने वा गवाही दिने जो कोहीलाई लागू हुन्छ। | • उजुरीहरूका छानबिन<br>• श्रमिकहरूलाई आउटरिच र शिक्षा प्रदान गर्ने<br>• रोजगारदाताहरूलाई आउटरिच र शिक्षा प्रदान गर्ने<br>• स्रोतहरू र रेफरलहरू<br>• **सबै सेवाहरू निःशुल्क छन्** |

BACP
Business Affairs and Consumer Protection

श्रम मानक कार्यालय
2350 West Ogden Avenue,
दोस्रो तल्ला
Chicago, Illinois 60608
Chicago.gov/LaborStandards

सम्पर्क:
bacplaborstandards@cityofchicago.org
(312) 744 - 2211
प्रत्येक श्रम कानूनका लागि जानकारी पाउन
QR कोड स्क्यान गर्नुहोस्: